भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प. सं. ८/२०८०/०८१ प्रशासन
च. नं. ४६९६

मितिः २०८०।१२।०२
ने. सं. ११४४ चिल्लाथ्व ५, शुक्रबार

विषयः जानकारी/सूचना सम्प्रेषण गरिदिने सम्बन्धमा ।

श्री महाशाखा/शाखा/वडा कार्यालय/निकायहरु सबै,
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प. सं. ०८०।८१ च. नं. ११७ मिति २०८०।११।२७ को प्राप्त पत्रसाथ जीवन विज्ञान प्रतिष्ठानको "विराट चक्र विज्ञान" कार्यक्रम सम्बन्धी पत्र यसैसाथ संलग्न छ । व्यहोरा पत्रबाटै अवगत गरी सम्बन्धित सबैमा सूचना तथा जानकारी सम्प्रेषण गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

..............................
(महेन्द्रनाथ खनाल)
अधिकृत

बोधार्थः
श्री सूचना तथा सञ्चार प्रविधि शाखाः वेबसाइट तथा इमेलबाट सम्प्रेषण गरिदिनुहुन ।

फोन नं. ०५६-५११४६७,५२१४६७,५११०८०,५२६९५१,५२२२५२,५२५७७१,फ्याक्स नं. ०५६-५२००१४
E-mail: bmc@ntc.net.np, Website: bharatpurmun.gov.np

Scanned with CamScanner

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०८०/८१
चलानी नं.:- ११८

मिति :२०८०/११/२७
ने.सं.११४४ (सिल्लागा) १५, आईतबार

स्थानीय तह सबै,

विषयः परिपत्र सम्वन्धमा

ध्यानयोग र अध्यात्मकको माध्यमवाट व्यक्तिभित्र नैसर्गिक रुपमा रहेको स्वास्थ्य, खुसी, आत्मविश्वास, प्रेम, ज्ञान, संकल्प र आनन्दका अद्रुत क्षमताहरु पहिचान र उजागर गरी व्यक्तिलाई सुख, शान्ति र आनन्दमा लैजाने कार्य उद्धेश्यले जीवन विज्ञान प्रतिष्ठानद्धारा लेखि आए बमोजिम मिति २०८०/१२/१७ गते देखि २०८०/१२/२३ गते सम्म लुम्बिनीको अन्तराष्ट्रिय ध्यान केन्द्रमा "विराट चक्र साधना" कार्यक्रम आयोजना हुने भएकोले साधन स्रोत, जनशक्ति र समयको सम्भाव्यताको आधारमा सहभागिता गराउने सम्वन्धमा जानकारी/सूचना संम्प्रेषण गर्न यस मन्त्रालयको मिति २०८०/११/२७ गतेको सचिवस्तरको निर्णयानुसार अनुरोध छ।

२०८०/११/२८
(शिला सापकोटा)
शाखा अधिकृत

भरतपुर महानगरपालिका
दर्ता नं. १२२५६
मितिः ११/२८

Scanned with CamScanner

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०८०/८१
चलानी नं.:- ११६

मिति :२०८०/११/२७
ने.सं.११४४ (सिल्लागा) १५, आईतवार

स्थानीय तह सबै,

विषयः परिपत्र सम्वन्धमा

ध्यानयोग र अध्यात्मकको माध्यमवाट व्यक्तिभित्र नैसर्गिक रुपमा रहेको स्वास्थ्य, खुसी, आत्मविश्वास, प्रेम, ज्ञान, संकल्प र आनन्दका अद्भुत क्षमताहरु पहिचान र उजागर गरी व्यक्तिलाई सुख, शान्ति र आनन्दमा लैजाने कार्य उद्धेश्यले जीवन विज्ञान प्रतिष्ठानद्धारा लेखि आए बमोजिम मिति २०८०/१२/१७ गते देखि २०८०/१२/२३ गते सम्म लुम्बिनीको अन्तराष्ट्रिय ध्यान केन्द्रमा "विराट चक्र साधना" कार्यक्रम आयोजना हुने भएकोले साधन स्रोत, जनशक्ति र समयको सम्भाव्यताको आधारमा सहभागिता गराउने सम्वन्धमा जानकारी/सूचना संम्प्रेषण गर्न यस मन्त्रालयको मिति २०८०/११/२७ गतेको सचिवस्तरको निर्णयानुसार अनुरोध छ।

२०८०/११/२८

(शिला सापकोटा)
शाखा अधिकृत

Scanned with CamScanner
Scanned with CamScanner

# जीवन विज्ञान प्रतिष्ठान

जीवन विज्ञान

9845209417

मिति:२०८०/१२/१

श्री

विषय: 'विराट चक्र विज्ञान' कार्यक्रममा सहभागिता सम्बन्धमा ।

प्रत्येक व्यक्तिको मौलिक खोजी स्वस्थ शरीर, शान्त मन, उर्जाशील र सकारात्मक भाव, आनन्द र भौतिकी समृद्धि रहेको हामी सबैलाई अवगत नै छ । व्यक्ति भित्र नैसर्गिक रुपमा स्वास्थ्य, सुख, आत्मविश्वास, प्रेम, ज्ञान, संकल्प र आनन्दका असिमित क्षमता हुन्छन् । हाम्रो शरीरमा रहेका सातवटा उर्जा केन्द्र अर्थात 'चक्र' को माध्यमबाट उपरोक्त क्षमताहरू व्यक्तिको जीवनमा प्रकट हुने गर्दछन् । ती सात चक्रहरू जति सक्रिय र सबल हुन्छन् त्यति बराबर मात्र मानिस सक्रिय र सबल हुने तथ्य जानकारहरूको अनुभवमा आएको छ ।

जीवन विज्ञान हालसम्म विश्वका ६० भन्दा बढी देशहरुमा फैलिएको छ । र यस संस्थाले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय, सुरक्षा निकायहरू, नेपाल राष्ट्र बैंक, सरकारी निकायका विभाग तथा कार्यलयहरू, विभिन्न बैंक तथा वित्तीय संघ-संस्था, शैक्षिक संस्था, स्थानीय तह तथा जनप्रतिनिधिहरू, Microsoft Corporation लगायत नेपाल तथा विश्वभरका करिब १५०० भन्दा बढी संघ संस्थाहरू समक्ष आफ्नो कार्यक्रमहरू पुर्‍याउनुका साथै सामाजिक क्षेत्रमा समेत उत्तरदायित्व वहन र अभिप्रेरित गर्दै आएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं ।

उल्लिखित सन्दर्भमा शारीरिक, मानसिक, भावनात्मक र आध्यात्मिक स्वास्थ्य आर्जन गर्न, आध्यात्मिक साधना विधिमा स्पष्टता हासिल गर्न, कार्यक्षमतामा विकास गर्न, तनाव रहित जीवन जीउने कलाको विकासका लागि विश्व शान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा २०८० चैत १७ गतेदेखि २३ गतेसम्म हुने विराट चक्र विज्ञान कार्यक्रम आयोजना गरिएको छ । शिक्षा क्षेत्रलाई अत्यन्तै महत्वपूर्ण र प्रभावकारी रहेको यो तालिम कार्यक्रमबाट निम्न लाभ लिन सकिन्छ :

- देशको समग्र शैक्षिक सुधारमा ठूलो योगदान पुग्ने ।
- तनाव व्यवस्थापन, कार्यक्षमता र स्वास्थ्यमा अभिवृद्धि हुने ।
- पढाइ र स्मरण शक्तिको विकास हुने ।
- अनुशासित, देशभक्त, कर्तव्यनिष्ठ र असल मानिस निर्माणका लागि सहयोग गर्ने ।
- स्वास्थ्य, खुसी, शान्ति एवं आनन्दित जीवनको पथ थाहा पाउने ।
- भगवान बुद्धको "अत्त दीप भव:" अर्थात आफ्नो प्रकाश आफैं बन भन्ने स्व-जागरण हुने ।
- बुद्धले दिनुभएको ध्यानको शिक्षालाई सामूहिक रुपमा विश्वमाझमा फैलाउने ।
- रुपान्तरण व्यक्तिबाट सुरू भइ परिवार, समाज, संस्था र राष्ट्र हुँदै विश्व मानवतासम्म फैलाउन मद्दत गर्ने ।

लुम्बिनीको पावन भूमिमा ५ हजार एक जनाको सहभागितामा जीवन विज्ञान प्रतिष्ठानका संस्थापकद्वय एवं जीवन विकास विशेषज्ञ रमेश गुरुदेव र भानु गुरुदेवको सानिध्यतामा हुने विराट चक्र विज्ञानमा त्यस संस्थाबाट संस्थाका धैरै भन्दा धैरै सहभागि गराई सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

सहभागीका लागि हरेक दिन ६:३० बजेबाट चियापान, ९:३० बजे नास्ता, १:३० बजे दिवा भोजन र साँझ ६:०० बजेबाट सन्ध्याकालीन सात्विक भोजनको व्यवस्था हुनेछ ।

कार्यक्रमको विस्तृत अवधारणापत्र यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

पुनश्च: प्रति व्यक्ति सहभागी रकम रु १०,०००।- (अक्षरेपी दश हजाररुपैया) मात्र ।

ज्ञानेन्द्र पोखरेल
उपसंयोजक
जीवन विज्ञान परिषद, चितवन
९८४५०५०६६९

Scanned with CamScanner